# बैठकको निर्णय

प्रस्ताव नं. १ माथि छलफल हुँदा शैलुङ गाउँपालिका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पार्वती कार्कीज्यूले प्रस्तुत गर्नु भएको तपसिल बमोजिमको नीति तथा कार्यक्रम माथि छलफल गर्ने सर्वसम्मत ।

तपसिल

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलकको चौतर्फी विकासको आंकाक्षा पूरा गर्न नेपालको संविधान बमोजिम स्थानीय निर्वाचन पश्चात स्थानीय सरकारको दोस्रो कार्यकालको सुरुवातसँगै विभिन्न विषय क्षेत्रसँग सम्बन्धित सरोकारवाला तथा शैलुङ वासीहरुको अमुल्य सुझावहरुको सहयोगमा तयार गरिएको शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरबको अनुभूति गरेको छु।

यस अवसरमा समाजको आमूल परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनासम्मको विभिन्न कालखण्डका राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनहरुको अग्रपंक्तिमा रहेर नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। मुलुकको राजनीतिलाई संघीय शासन प्रणालीसहितको लोकतान्त्रिक गणतन्त्रको यस स्वरुपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाइते योद्दाहरु तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस सम्मानित सभासमक्ष चालु आर्थिक वर्षसम्म हासिल भएका मुख्य मुख्य क्षेत्रगत उपलब्धिहरुको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को कुल बजेट ६० करोड १३ लाख २१ हजार रहेको छ। जसमा चालु तर्फ ३६ करोड ०६ लाख ६९ हजार ९ सय रहेको छ भने पूँजीगत तर्फ २४ करोड ०६ लाख ५१ हजार १सय रुपैया रहेको छ। क्षेत्रगत रुपमा बजेट विनियोजन हेर्दा आर्थिक विकास तर्फ ४ करोड ०३ लाख ८७ हजार ९ सय, सामाजिक विकास तर्फ ३३ करोड १८ लाख ४२ हजार, पूर्वाधार विकास तर्फ १२ करोड ४९ लाख ५४ हजार १ सय, सुशासन तथा अन्तरसम्बन्धित तर्फ १ करोड ९६ लाख ८४ हजार र कार्यसंचालन तथा प्रशासनिक तर्फ ८ करोड ४४ लाख ५३ हजार विनियोजन भएको छ। चालु आ.व को चालु मिति सम्म आइपुग्दा गाउँपालिकालाई संघीय सरकारबाट समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान गरी कुल ३१ करोड २५ लाख ३१ हजार ६ सय ८ रुपैया प्राप्त भएको छ। त्यसैगरी बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान, सशर्त अनुदान ,विशेष अनुदान र समपुरक अनुदान गरी कुल ३ करोड ३३ लाख ३५ हजार ३ सय ४४ प्राप्ट भएको छ। राजस्व बाँडफाट रु ८ करोड १७ लाख ६१ हजार ८ सय ११ रुपैया र आन्तरिक स्रोतबाट रु २ करोड ३७ लाख ७६ हजार ८४४ गरी कुल ४५ करोड १४ लाख २५ हजार ६ सय ८ रुपैयाँ आम्दानी अर्थात कुल बजेटको ७५.०७ % प्राप्त भएको छ।

त्यसैगरी व्यय अन्तर्गत चालु तर्फ २२ करोड ६१ लाख १२ हजार ५ सय ४८ अर्थात ६२.६९% खर्च भएको छ भने पूँजीगत तर्फ १० करोड १४ लाख १० हजार ८ सय १७ अर्थात ४२.१४ प्रतिशत खर्च भएको छ। चालु आ.व को फागुन मसान्त सम्म चालु पूँजीगत गरी कुल ३२ करोड ७५ लाख २३ हजार ३ सय ६५ अर्थात कुल बजेटको आधारमा ५४.४६ प्रतिशत खर्च भएको छ।

अनिवार्य विषय ( अङ्ग्रेजी गणित विज्ञान सामाजिक र नेपाली) का विषय गत शिक्षकहरुका लागि ३ दिवसिय प्रश्न विश्लेषण तथा पाठ्यक्रम प्रबोधिकरण सम्बन्धी तालिम सञ्चालन गरिएको । ९५ जना शिक्षकको सहभागिता रहेको जसमा ५ लाख ५८ हजार रुपैया खर्च भएको। जसबाट शिक्षकहरुमा प्रश्न विश्लेषण गर्ने ज्ञान, सिप, क्षमतामा बृद्धि भइ व्यवहारमा रुपान्तरण भएको छ।

विद्यालयको बजेट निर्माण गरी विद्यालय लेखाङ्कण प्रणाली(SAS) मार्फत बजेट कार्यान्वयन गर्नका लागि सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक र माध्यमिक विद्यालयका विद्यालय सहायक(लेखापाल) हरुका लागि २ दिने विद्यालय बजेट निर्माण तथा सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिएको थियो । जसबाट विद्यालयले आफ्नो विद्यालयको बजेट SAS प्रणाली मार्फत तयार गरी खर्च गर्ने प्रणालीको विकास हुनुको साथै विद्यालयको खर्चमा वित्तीय सुशासन कायम गर्न मद्धत पुगेको छ। दुई चरणमा गरी ४२ जनाको सहभागिता रहेको।

शैक्षिक वर्ष २०८० मा उत्कृष्ट सिकाई उपलब्धी हासिल गर्ने विद्यार्थी , विद्यालय तथा उत्कृष्ट सिकाई उपलब्धी ल्याउन सहयोग गर्ने शिक्षकहरूको लागि सम्मान कार्यक्रम आयोजना गरिएको थियो जसमा २२ जना शिक्षक , १७ जना विद्यार्थी र ५ वटा विद्यालय पुरस्कृत भएका थिय। जुन सम्मान कार्यक्रमबाट आगमी दिनमा समेत उत्कृष्ट नतिजा हासिल गर्न शिक्षक, विद्यार्थी र विद्यालय थप उत्प्रेरित भएका छन्।

विज्ञान दिवसको अवसरमा माध्यमिक विद्यालय स्तरीय विज्ञान प्रदर्शनी तथा जिल्लाभरका माध्यमिक विज्ञान शिक्षकहरुको सम्मेलन गरिएको थियो। शैलुङ गाउँपालिका स्तरिय छैठौँ राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ। ९ वटा माध्यमिक विद्यालयका विद्यार्थीहरुको प्रतिभा पहिचानमा थप टेवा पुगेको छ । विद्यालयको कक्षा १ देखि १२ सम्मको प्रथम त्रैमासिक परीक्षा सञ्चालन गरेको , प्रश्नपत्र छपाई गरि विद्यालयलाई वितरण गरिएको छ।

स्थानीय पाठ्यक्रम तथा १-३ को आन्तरिक मुल्याङ्कन फारम छपाईको कार्य भएको छ। प्रति विद्यार्थी लागतका आधारमा सिकाई अनुदान, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानको रकम निकाशा गरिएको छ ।

स्तर निर्धारण परीक्षा कक्षा ३ र कक्षा ५ तथा गाउँपालिका स्तरीय परीक्षा कक्षा ८ को परीक्षा गरी नतिजा समेत प्रकाशन गरिएको छ। शैक्षिक सत्र २०८० को भन्दा कक्षा ८ को उत्तिर्ण प्रतिशतमा १५ % ले बृद्धि भएको छ। जिरीमा भएको जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा गाउँपालिकाले सहभागीता जनाई समग्रमा ६ स्वर्ण, ८ रजत र १ कस्य सहित द्वितीय स्थान हासिल गर्न सफल भएको छ।

गाउँसभाका सदस्यज्यूहरू,

स्तनपान सप्ताह अन्तर्गत गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुमा AUG 1 देखि AUG 7 सम्म स्तनपानमा समानाता सबैको सहयोग र सहभागिता भन्ने मुल नाराका साथ विश्व स्तनपान दिवस मनाइएको छ । जसबाट आम नागरिकमा स्तनपानको महत्व र यसले बालबालिकाको स्वास्थ्यमा पर्ने प्रभावका बारेमा आमनागरिकमा जनचेतना वृद्धि भएको छ ।

गाउँपालिकाको सबै विद्यालयमा १० देखि १९ वर्षका ७३२ जना किशोरीहरुलाई श्रावण, भाद्र, असोज महिनामा हप्तामा १ चक्की आइरन फोलिक एसिड खुवाउने कार्यक्रम सम्पन्न गरिएको छ ।

धुलिखेल अस्पताल दोलखा र तिलगंगा आँखा प्रतिष्ठान काठमाडौँ, दोलखा लायन्स क्लबको संयुक्त आयोजनामा १ दिने निशुल्क स्वास्थ्य शिविर संचालन गरी जसमा दन्त सेवा ५६ हाडजोर्नी ५१ नाक कान ३९ स्त्री रोग १० आँखा २१६ र अन्य रोग १२५ गरी ३१७ जना महिला र १८० गरी पुरुष गरी कुल  ४७९ जना बिरामीलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

मासिक रुपमा १० वटा स्वास्थ्य संस्थाहरु बाट आपूर्ति व्यवस्थापन सूचना प्रणाली (LMIS) संकलन गरि eLMIS सफ्टवेयरमा तथ्यांकलाई प्रविस्ट गरिएको जसबाट औषधि प्राप्त ,खर्च,निकासा,तथा हालको मौज्दातमा रहेको जानकारी प्राप्त भई आगामी दिनमा औषधि खरिदमा सहजता कायम हुने विश्वास रहेको छ ।
२०८१ भाद्र ३१ गते जिल्ला प्रशासन कार्यालय, सुरक्षाका ३ वटा निकाय र गाउँपालिकाको समन्वय र सहकार्यमा जनप्रतिनिधि ,स्वास्थ्य कर्मी विधार्थीहरु लगायत सरोकारवालाहरु संग  लागूऔषध नियन्त्रण सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम अन्तर्गत दुधपोखरी स्वास्थ्य चौकी शैलुङ-१,भुषाफेदा स्वास्थ्य चौकी शैलुङ-२ ,शैलुङ अस्पताल शैलुङ-३ मागापौवा स्वास्थ्य चौकी शैलुङ-४ काटाकुटी स्वास्थ्य चौकी शैलुङ-५,फस्कु स्वास्थ्य चौकी शैलुङ-७,फस्कु आ.स्वा.के. शैलुङ-६ ,र शैलुंगेश्वोर स्वास्थ्य चौकी शैलुङ-८ मा गरि जम्मा ५० जना गर्भवती महिलाहरुको भिडियो एक्सरे गरि आवश्यक सल्लाह सुझाब प्रदान गरिएको जसबाट आमा र बच्चामा हुने स्वास्थ्य समस्याहरु समयमै पहिचान भएको छ ।

शैलुङ ०८ मा शैलुङ गाउँपालिका, शैलुङ गाउँपालिका वडा नं ०८ ,फाईटर फर लाईफ,नेपाल लायन्स कलब अफ काठमान्डौ टेम्पल भ्याली क्योकोशिन कराँते,लायन्स क्लब अफ काठमान्डौ शेष्मति तथा लायन्स क्लब अफ काठमान्डौ गौरीशंखरको आयोजना तथा माट्रीका आई सेन्टरको,पुरानो बानेश्वोरको प्राविधिक सहयोगमा नि : शुल्क आखा शिविरमा ५३० जनाले सेवा लिनु भएको थियो जसमध्ये ३३ जना पुरुष र २५ जना महिला गरि जम्मा ५८ जनालाई मोतियाबिन्दुको  सल्यक्रिया को सेवा लिनु भएको थियो ।
विश्व स्वास्थ्य संगठन र शैलुङ गाउँपालिकाको संयुक्त आयोजनामा यस गाउँपालिका अन्तर्गत रहेका जनप्रतिनिधि र स्वास्थ्यकर्मी गरि जम्मा ३० जना कर्मचारीहरुलाई आत्महत्या रोकथाम तथा न्यूनीकरण सम्बन्धी कार्यक्रम सम्पन्न

गरेको जसवाट समाजमा हुने मानसिक स्वास्थ्य समबन्धी समस्या आत्महत्या जस्ता अन्य घटनाको अन्त्य गर्न सहज भएको छ।

४८ जना क्यान्सर रोगि, ४ जना मृगौला प्रत्यारोपण गरेका, ९ जना डायलासिस गरिरहेका र २ जना मेरुदण्ड पक्षाघात भएका गरि जम्मा ६३ जना दिर्घ रोगीहरुलाई पालिका बाट मासिक ५००० का दरले उपचार खर्च भुक्तानी गरिसकिएको छ ।

शैलुङ गाउँपालिकाका सबै वडामा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविक द्वारा ६ महिना देखि ५ वर्ष सम्मका सबै बालबालिका हरुलाई भिटामिन ए, अल्बेन्डा जोल र बाल भिटा वितरण गरि सबै बालबालिकाको पाखुराको नाप लिने कार्य नियमित रुपमा सम्पन्न गर्दै आइएको छ।

शैलुङ गाउँपालिका अन्तर्गत रहेका १० वटा स्वास्थ्य संस्थाका स्वास्थ्य संस्था प्रमुखहरु जनप्रतिनिधि ज्यूहरु तथा जनस्वास्थ्य कार्यालयको समुपस्थितमा पोषण कार्यक्रमहरुकोआ.व.२०८०/०८१ को वार्षिक समिक्षा तथा २०८१/०८२ को योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको छ।

सबै स्वास्थ्य संस्था हरुको न्युनतम सेवा मापदण्ड (MSS ) फलोअप कार्यक्रम सम्पन्न गरिएको छ जसमा मागापौवा स्वास्थ्य चौकी, फस्कु स्वास्थ्य चौकी र काटाकुटी स्वास्थ्य चौकीले उत्कृष्ट नतिजा हासिल गरेका छन् जसवाट बिगतमा भएका समस्या तथा चुनौतीहरुलाई पार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुका साथै सेवाको पहुँच बढेको छ।

२१ औं रास्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका दिवश २०८१ मंसिर २० गते ( 5th December 2024 ) "विविध स्वास्थ्य क्रियाकलापमा महिला स्वास्थ्य स्वयम्सेविकाको भूमिका स्वास्थ्य समाज निर्माणमा सहभागिता भन्ने मूल नाराका साथ सम्पन्न विभिन्न प्रतियोगितात्मक कार्यक्रम शैलुङ गाउँपालिका र जनस्वास्थ्य कार्यालय दोलखा द्वारा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका योगदानलाई उच्च मुल्यांकन गर्दै रु ५०००/- र प्रमाण पत्र प्रदान गरि दिवस मनाइएको छ । शैलुङ गाउँपालिकाको ८ वटा नै वडामा क्षयरोग घर दैलो अभियान संचालन गरी खोज पड्ताल कार्य सम्पन्न गरिएको छ। हाल सम्म कुनै पनि क्षयरोगको बिरामी फेला नपरेको अवस्था रहेको छ।

चालु आ. ब.को हालसम्मको अवधिमा १० वटा स्वास्थ्य संस्थामा सेवा लिने सेवाग्राही मध्ये नयाँ सेवाग्राही जम्मा १४,१९८ जना र जम्मा सेवाग्राही २०,८३८ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको छ। जसमध्ये शैलुङ अस्पतालबाट नयाँ सेवाग्राहिको संख्या ५२७२ जना रहेको छ जसमध्ये ल्याव सेवा २१३५ जना, एक्सरे सेवा १८६ जना, ईको सेवा १६८, इजि सेवा-३२ र ईसिजि सेवा ५ जनाले सेवा गरेका छन्।

पाठेघरको मुखको क्यान्सर विरुद्ध ए,च.पि.भी खोप अभियान संचालन गरिएको छ जसबाट पाठेघरको मुखको क्यान्सर विरुद्ध विद्यालयमा अध्ययनरत ६-१० कक्षा सम्मका छात्रा ६०३ र विद्यालय भन्दा बाहिरको १०-१४ बर्षका ४ जना छात्राहरुले यो खोप लगाई दीर्घकालीन क्यान्सर रोगबाट सुरक्षित र सुनिश्चत हुने विश्वास लिइएको छ।

क्रितिपुर आखा अस्पाताल र शैलुङ गाउँपालिकाको संयुक्त आयोजनामा निशुल्का सल्यक्रीया सहितको आखा शिविर संचालन गरिएको छ जसमा ४०४ जनाको आखा परीक्षण गर्दा ८४ जनाको मोति बिन्दु भएको प्रामाणित भई ६९ जनाको मोति बिन्दुको सफलता पूर्वक सल्यक्रिया गरिएको छ।

शैलुङ गाउँपालिकाको मुख्य बजार क्षेत्रहरुमा बजार अनुगमन गरिएको, बाघखोर बजार, ढुङ्गे बजार, कालापानी बजार, भैसे बजार, लाम्चे आहाल बजार अनुगमन गरिएको र अनुगमनका क्रममा दर्ता नभइ व्यवसाय सञ्चालन तथा नविकरण गर्न बाँकी पसलहरुलाई दर्ता तथा नविकरण प्रकियामा आउन निर्देशन दिइएको छ ।
महिला हिँसा सम्बन्धी १६ दिने अभियान वडागत रुपमा विद्यालयसँग सहकार्य गरी सम्पन्न गरिएको र सो कार्यक्रममा विद्यार्थी, शिक्षक, विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको र सो कार्यक्रम अन्तरक्रियात्मक रुपमा सम्पन्न भएको छ ।
अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रम CBR कार्यक्रम सेवा प्रदायक संस्था छनौट गरी गाउँपालिका अपाङ्गता प्रोफाईल निर्माण कार्य सम्पन्न भएको छ । वडामा रहेका अपाङ्ग व्यक्तिहरुको परिचयपत्र वितरण कार्यक्रम वडागत रुपमा सम्पन्न गरिएको जसमा २४ जना अपाङ्ग व्यक्तिहरु नयाँ परिचयपत्र प्राप्त गरेका छन् ।

अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्र स्थापनाको कार्य अन्तिम चरणमा पुगेको छ । बाबु आमा विहीन बालबालिका संरक्षण कार्यक्रम गाउँपालिकाका २० जना बाबुआमा विहीन बालबालिका लाभान्वित भएको छन् । त्यसै गरी २२ वटा नयाँ व्यवसाय दर्ता भएको छ भने २०० वटाको व्यवसाय नविकरण गरिएको छ । ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत हाल सम्म २५ जनाको ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ ।
शैलुङ गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई सहकारी, लेखा व्यवस्थापन तथा कोपोमिस प्रणाली सम्बन्धी २ दिने पुर्नताजगी तालिम सम्पन्न भएको छ ।

गाउँसभाका सदस्यज्यूहरू,
रेबिज खोरेत तथा अन्य रोग बिरुद्द खोप लगाउने कार्यक्रम अन्तर्गत सबै वडामा गाई,भैंसी,तथा बंगुरमा खोरेत ,लम्पी स्किन बिरुद्द खोप लगाउने कार्यक्रम अन्तर्गत यस आ.व. मा ७०० पशुलाइ साउन/भाद्रमा लम्पी स्किन बिरुद्द खोप लगाईएको र पुन चैत्र महिनामा खोप लगाउने कार्य सम्पन्न भएको छ । पशुपन्छीका लागि औषधि खरिद तथा ढुवानी कार्यक्रम अन्तर्गत पशुपन्छीका लागि आवश्यक औषधि खरिद गर्न टेन्डर आव्हान गरि सम्पूर्ण प्रक्रिया पुरा गरी आवश्यक औषधि वडा कार्यालय मार्फत वितरण कार्य गरिएको छ । साथै वडाहरुमा पशुपन्छी को निशुल्क उपचार सेवा समेत प्रदान गरेको छ । यस कार्यक्रम बाट पशुपन्छी पाल्ने निर्वाहमुखी किसानहरुको पशु धनको सुरक्षामा टेवा पुगेको छ ।
एकीकृत पशुपन्छी विकास प्रवर्दन कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका प्रत्यक वडा मा प्रति वडा १०/१० लाख बराबरको कार्यक्रम कार्यान्यिन गर्ने लक्ष्य अनुरुपका कार्यक्रमहरु सम्पन्न हुने चरणमा रहेका छन् ।

मासुमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत वडा न. १७ वटा बाख्रा, वडा नं. २ मा ५० ओटा बङ्गुरको पाठापाठी, वडा नं. ३ मा १००० ओटा कुखुराको चल्ला वितरण कार्य सम्पन्न गरिएको छ । त्यसैगरी एक घर एक गाई पकेट कार्यक्रम अन्तर्गत वडा नम्बर ५ मा गाई पकेट क्षेत्र घोषणा गरि ११ ओटा गाई वितरण गरी दुध उत्पादनमा आत्मनिर्भर बनाई

कृषकहरुको आयश्रोत बढाउने कार्यको थालनी गरिएको छ। वडा नं. ६ मा ७ ओटा पाडापाडी र ७ नं. वडामा ५ ओटा दुधालु गाई  वितरण गरी दुधमा क्रमशः आत्मनिर्भर हुने गरी कार्य अगाडि बढेको छ।

पशुपन्छी ल्याब ब्यबस्थापन कार्यक्रम अन्तर्गत पशुपन्छीमा देखापर्ने विभिन्न रोग हरुको पहिचान गर्न आवश्यक सामग्रीहरु खरिद प्रकृयामा रहेको र यस बाट सम्पूर्ण वडा हरुमा देखिने थुनेलो,गोबर परिक्षण,रक्त परजीबी परिक्षण, विभिन्न रोग हरुको नमुना संकलन लगायतका क्रियाकलापहरु  कृषकहरुलाइ प्रदान गरिने छ।

रेबिज खोप कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा यस वर्ष ४९२ ओटा घरपालुवा तथा छाडा कुकुर हरुमा रेबिज खोप कार्यक्रम सम्पन्न भयको छ साथ बिद्यालय स्तरमा रेबिज सम्बन्धि जनचेतनामुलक कार्यक्रम गरि यस कार्यक्रम सम्पन्न भएको  छ यस कार्यक्रम बाट रेबिज रोग नियन्त्रण गर्न मद्धत पुग्नेछ ।

पशुपन्छी विमा कार्यक्रम अन्तर्गत यस आ.वमा स :शुल्क  गाइ/भैंसी ४४  ओटा भेडा ७४ ओटाको बिमा गरिएको र यस कार्यक्रम बाट किसानहरुको पशुधनमा हुने क्षतिलाइ प्रतिस्थापन गर्ने लक्ष्य रहेको।

**सभासदस्यज्यूहरु,**

प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा नँया तरकारी पकेट विकास कार्यक्रम कार्यन्वयन कार्य सम्पन्न भएको छ र यस कार्यक्रमबाट किसानहरुलाई व्यावसायिक तरकारी खेतिमा प्रोत्साहन गर्न  र आर्थिक रुपमा बलियो मद्दत पुगेको छ।

किसान सूचिकरण कार्यक्रम अन्तगर्त यस आ.व. मा किसानहरुलाई प्रविधिको दायराभित्र ल्याउनको लागी किसान सूचिकरण सहजकर्ताबाट वडा ५,६ र ७ नं वडाका ६५० किसान सूचिकृत भएका छन्।

मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नम्बर ०७  मा यस कार्यक्रम कार्यन्वयन गरी ५१ पारिवारलाई गोला सहितको घार वितरण कार्य सम्पन्न भएकोछ।

तोरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नम्बर ०५  मा यस कार्यक्रम कार्यान्वयनको लागि तोरीको बिउ वितरण गरि कार्य सम्पन्न भइसकेको छ। यस कार्यक्रमले तेल उत्पादनमा टेवा पुराउनुको साथै त्यस क्षेत्रमा रहेको मौरिपालनमा समेत सहयोग गरेको छ।

कृषि सामग्री खरिद कार्यक्रम अन्तर्गत सबै वडा कार्यालयमा कार्यरत कृषि प्राविधिकहरुको क्षमता विकास गरी निजहरुले प्रवाह गर्ने सेवामा गुणस्तरीएता कायम गर्दै समग्र शैलुङ गाउँपालिकाको कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषि पेशालाई व्यावसायिक बनाउन  आवश्यक सामग्रीहरु खरिद कार्य सम्पन्न भैसकेको छ ।

सुन्तलाजन्य बोटविरुवाहरुमा औँसा किराको संक्रमणले गर्दा वर्षेनी रुपमा उत्पादनमा ह्रास आएको र सो कूराको नियन्त्रण तथा रोकथाप गरि कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषि पेशालाई व्यावसायिक प्रोटिन बेट खरिद वितरण कार्य सम्पन्न गरिएको छ।

फलफुल बगैँचा स्थापना कार्यक्रम अन्तर्गत सुन्तला-४७५०, कागती-१०००, ओखर-१००० जूनार-१००, मेगडेमियानट-१५०,कागजि बदाम -१००, एभोकाडो-१००० ओटा विरुवाहरु पूर्ण अनुदानमा वडा नं १, २, ३,४,६,७ मा कृषकहरुलाई वितरण कार्य सम्पन्न भएको छ।

प्लाष्टिक टनेलमा अनुदान कार्यक्रम अन्तर्गत वडा नं १, २, ६ र ७ मा कार्यक्रम कार्यान्वयन गर्नको लागि सम्झौता भई कार्य अगाडि बढेको छ।

लक्षित वर्गको लागि तरकारी बिउमा अनुदान कार्यक्रम अन्तर्गत वडा नं २,३,४,६ मा कउली बन्दा गाजार मूला र केराउको विउ वितरण कार्य सम्पन्न गरिएको छ।

धान खेतिमा किसानलाई प्रोत्साहन गर्नर् र धानको विउ परीक्षण तथा वितरण कार्यक्रम अन्तर्गत वडा नं ४, ५ मा खुम्मल-४, खुम्मल -१२ खुम्मल-१४ , सुपर चाईना, जिटेन जस्ता धानको बितरण कार्य सम्पन्न गरिएको छ।

मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको वडा नं ५ र ८ का किसानलाई कृषिमा प्रोत्साहन गर्न साथै महको उत्पादनमा वृद्धि गर्न सो कार्यक्रमको लागि सम्झौता गरी सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ।

**सभा सदस्यज्यूहरु,**

आ.ब. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यस्थापन सूचना प्रणाली मा सूचीकृत बेरोजगार संख्या १०५१ रहेको छ। यस कार्यक्रमको लागि सडक सोलिङ,सिंढी निर्माण र शिव मन्दिर तथा चौतारो निर्माण सँग सम्बन्धीत कूल १३ वटा आयोजनाहरुमा रु.३४,३२,०००/-बजेट बिनियोजन भएको छ। सबै आयोजनाहरुसँग योजना सम्झौता भई हाल कार्यन्वयनमा रहेका छन्।

आ.व.२०८१/०८२ मा ४० दिनको सीप विकास तथा १० दिनको जिवनोपयोगी तालिमको लागि रु.१३,६८,०००/- बजेट विनियोजन भएको छ,भने उक्त तालिम संचालनको लागि बोलपत्र मार्फत सेवाप्रदायक छनौट भएको छ।भने उक्त तालिम आठै वटा वडा बाट बेरोजगारमा सुचिकृत मध्येबाट ४० जना छनौट गरि इलेक्ट्रेसियन र प्लम्बिङ तालिम संचालन कार्य सम्पन्न भएको छ।

**सभा सदस्यज्यूहरु,**

यस शैलुङ गाउँपालिकाबाट आ. ब. २०८१/८२ मा सञ्चालन गर्नेगरी सडक पूर्वाधार, खानेपानी, सिंचाई व्यवस्थापन, विद्यालय भौतिक व्यवस्थापन समेत गरी १७५ वटा आयोजनाहरु स्वीकृत गरिएको थियो। गाउँपालिकाले रु १० लाख भन्दा माथिका आयोजनाहरु ठेक्का प्रक्रियाकाट कार्यान्वयन गर्ने र १० लाख भन्दा कम बजेटका आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने नीति लिए अनुसार यस वर्ष उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना संख्या १३९ रहेको र ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने आयोजना संख्या ३८ रहेको थियो। यसैगरी विभिन्न मितिमा गाउँपालिकाबाट स्वीकृत भएका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कार्यान्वयन हुने आयोजनाहरु समेत उपभोक्ता

समिति मार्फत कार्यान्वयन हुने आयोजना संख्या १३९ रहेको छ। उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने १३९ वटा आयोजना सम्झौता भएकोमा ११८ वटा आयोजनाहरु सम्पन्न भएका मध्ये ८५ वटा आयोजनाको भुक्तानी भएको छ। सम्पन्न भएका आयोजनाहरु मध्ये बाँकी ९ वटा आयोजना भुक्तानीको प्रक्रियामा रहेको छ भने सम्झौता भएका अन्य आयोजनाहरु कार्यान्वयन भै रहेका छन्। १० ओटा योजनाहरूको मूल्यांकन चरणमा रहेको छ।

गत वर्ष सम्झौता भएका झोलुङ्गे पुल क्रमागत कार्यक्रम तर्फका ३ वटा झोलुङ्गे पुलको यस वर्ष कार्य सम्पन्न भै भुक्तानी भएको छ।

यस आ.व मा १० लाख भन्दा माथिको सबै निर्माण संग सम्वन्धित योजनाहरु E-bid मार्फत ठेक्का आव्हान गरिएको छ । निर्माण तथा सामानहरुको गरी ३४ ओटा योजनाको ठेक्का लगाउने कार्य सम्पन्न गरिएको छ।
परामर्श तथा सेवा अन्तर्गत सडक,खानेपानी,पार्क तथा गुम्बा गरि ४ ओटा प्याकेज बनाई राष्ट्रिय स्तरमा सूचना आव्हान गरी सेवाप्रदायक सँग सम्झौता भई प्रारम्भिक रिपोर्ट समेत प्राप्त भएको छ ।
हाल सम्म सडक अन्तर्गत करिब ७ कि मि सडक सोलिंङ गर्ने कार्य,४०० मि. सडक ढलान गर्ने कार्य सम्पन्न भईसकेको छ,खानेपानीको विभिन्न योजना अन्तर्गत करिब ३०० ओटा एक घर एक धारा निर्माण कार्य सम्पन्न भईसकेको छ, जालिवाल ११०० घनमिटर, नयाँ ट्र्याक खोल्ने कार्य ३ कि.मि. र पक्कि सिंचाई कुलो निर्माण १५० मिटर गरिएको छ। भवन नक्सा पास तथा अभिलेखन तर्फ हाल सम्म १ ओटा नक्सा पास र ५ ओटा भवन अभिलेखनको कार्य भएको छ। नापी शाखा अन्तर्गत जग्गा वार्गीकरणको कार्य सम्पन्न भईसकको छ।

**सभा सदस्यज्यूहरु,**

चालु आ.व सुरुवात देखि हाल सम्म लघुउद्यम विकास तर्फ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका बमोजिम कार्यक्रम कार्यान्वयनको लागि उद्यम विकास समितिको मार्फट यस आ. ब को बजेट तर्जुमा र स्वीकृत गरि सकिएको।
उद्यम व्यवसाय दर्ता प्रकियाको बारेमा जानकारी गरी दर्ता गर्न परामर्श गराइएको। यस वर्ष उद्यमशिलता तालिम ३० जना, सिप विकास तालिम ३० जना, लघु वित्तमा सेवाको पहुँच ३० जना , उद्यमशिलता तालिम एडभान्स २० जना सहभागिता गराउने गरी कार्ययोजना स्वीकृत भएको छ।

**सभा सदस्यज्यूहरु,**

चालु आ.ब सम्ममा ३१ टा ऐन, ६ ओटा नियमावली र ४४ ओटा निर्देशिका, कार्यविधि, मापदण्ड तयार गरिएको छ।

राष्ट्रिय प्रकृति स्रोत तथा वित्त आयोगद्वारा माग गरिएका "प्रदेश तथा स्थानीम तहको कार्य संपादन मुल्यांकन कार्यविधि,२०७८" मा उल्लेखित सूचक सम्बन्धी विवरण विभिन्न शाखामा माग गरी प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाइएको छ।

गाउँपालिकाबाट आ.व. २०८०/८१ मा सम्पादन भएका कार्यहरुको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई LISA सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरी सिस्टममा कागजात अपलोड गरी स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) ८९, र स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्यांकन(FRA)

मा ८९.५ अंक हासिल गरेको छ भने गत आ.व. को संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गुणस्तर परीक्षण पश्चात स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) मा ८५.२५ प्राप्त गरी देश भरीका गाउँपालिका नगरपालिका मध्ये २३ औं स्थानमा पर्न सफल भएको छ।

वडा सचिव तथा अन्य सहायक कर्मचारीहरुलाई २ चरणमा SuTra Module सम्बन्धी अभिमुखिकरण गरी सेवा प्रवाहलाई सहज गरिएको छ ।

सम्पुर्ण सरकारी कार्यालयमा ई-हाजिरी जडान गरी ई-हाजिरी प्रणाली सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।

माघ माहिनाको चालु मिति सम्म ११९८ ओटा घटना दर्ता भएको छ जसमा जन्म-५५८, मृत्यु-२१२, समबन्ध विच्छेद-२७, बिबाह दर्ता-२६३, बसाईसराई गरी आउने- १४, बसाईसराई गरी जाने- १२४ परिवार रहेको छ।

आ.व. २०८१/०८२ को लागि नविकरण गरेका र नयाँ दर्ता भएका ३०१५ लाभग्राहीहरुलाई पहिलो पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गरीएको।

वडा कार्यालयमा सेवा लिन आएका सेवा ग्राहिले नागरिकता प्रमाणपत्र सिफारिस , नागरिकता प्रतिलिपि सिफारिस, नाता प्रामाणित गरी १२००० बिभिन्न किसिमका सिफारिस गरिएको छ।

सभासदस्यज्यूहरु,

बर्षातको समयमा आएको पानीका कारण पहिरो गएको कारण घरमा पुगेको क्षति न्युनिकरण गर्न तथा थप क्षति हुनबाट जोगाउनको लागी ७५ घरपरिवार तथा १ सामुदायिक विद्यालयलाई ७४९ थान तारजाली वितरण कार्य गरिएको यसरी वितरण गरिएको तारजाली लगाएको स्थानमा थप क्षति हुन बाट जोगिएको।
असोज माहिनामा लगातार आएको बर्षाका कारण घर घुमाएका ६ परिवारको विवरण संकलन गरी राष्ट्रिय विपद् न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणमा अनलाईन मार्फत विवरण प्रविष्टि गरी अस्थाई आवास निर्माणको लागी पहिलो किस्ता रकम निकासा गरिएको र दोस्रो किस्ता निकासाको तयारी गरिएको।
निजि आवास पुनर्निर्माण तर्फका ४ लाभग्राहिको पहिलो किस्ता रकम निकासा गरी दोस्रो किस्ता निकासाको लागि पत्राचार गरिएको छ।
सम्मानीत अध्यक्षज्यू,
अव म आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहान्छु।
सभासदस्यज्यूहरू,

- कृषकहरूलाई उत्पादनमा आधारित अनुदान वितरण गरी कृषि व्यवसायमा उत्प्रेरित गरिनेछ।

- माटो परिक्षण प्रयोगशाला स्थापना सञ्चालन गरिनेछ र सोको प्रतिवेदनको आधारमा सिफारिस गरिएका मल र सुधारात्मक उपाय अपनाइनेछ।
- पकेट क्षेत्र पहिचान गरी बेमौसमी/नगदे वाली( लसुन, प्याज, अदुवा, वेसार, अकबरे खोर्सानी) तरकारी खेती प्रवर्द्धन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउदै लगिनेछ।
- रासायनिक मलको प्रयोग क्रमशः घटाउदैं विकल्पको रूपमा जैविक कीटनाशक तथा प्रारङ्गरिक मलको प्रयोग प्रवर्द्धन गर्न आवश्यक पर्ने प्राविधिक सहयोग दिईनेछ।
- सुन्तलाजन्य फलफूलमा लाग्ने रोग तथा किराको नियन्त्रणको लागि आवश्यक विषादी तथा प्राविधिक ज्ञान उपलब्ध गराईनेछ।
- उत्पादन र बजारीकरणमा सहजता ल्याइनेछ।
- कृषक समूहहरूलाई स्थलगत तालिम, फर्म भ्रमण र प्राविधिक सहयोग उपलब्ध गराइनेछ।
- कृषकको मागअनुसार आवश्यक सामाग्री, उपकरण, बीउ आदिमा लक्षित समुदायलाई अनुदान प्रदान गरिनेछ।
- प्याकेजिङ, लेबलिङ, लोगो, र ब्रान्ड स्लोगनको विकास तथा प्रवर्दन गरिनेछ।
- फिल्ड प्राविधिकको व्यवहारिक ज्ञान सिप क्षमता, समस्या समाधान क्षमता र नवीन कृषि प्रविधिको प्रयोग सीप अभिवृद्धिका लागि नियमित क्षमता विकास तालिम सञ्चालन गरिनेछ
- नागरिकको स्वास्थ्य तथा वातावरणमैत्री कृषि प्रणालीको विकासका लागि विषादीको प्रयोग न्यून गर्न वैकल्पिक कीट व्यवस्थापन प्रविधिको प्रयोग सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ।
- किशानको उत्पादनलाई कृषि सहकरी, कृषक समूहको सहकार्यमा बजारीकरणलाई जोड दिईनेछ
- हाट वजारलाई व्यवस्थित गर्दै लगिनेछ।
- रासायनिक मल ढुवानीमा अनुदान दिईनेछ।

**सभाका सदस्यज्यूहरू,**

- पशुपालनबाट पशुजन्य उत्पादन(दुध,मासु,र अन्डा)को वृद्धि गरि पालिकालाई आत्मनिर्भर तर्फ उन्मुख गराइनेछ ।
- आयआर्जनको प्रमुख श्रोतको रुपमा पशुपालनलाइ विकास गराई युवाहरुलाई रोजगारीको अवसर सृजना गराइनेछ।
- कृषकहरुलाई प्रत्यक्ष रुपमा स्थानीय सरकारको अनुभूति गराउन प्रत्यक वडा बाट प्राविधिक सेवालाई निरन्तरता तथा विस्तार गरिनेछ। साथै सबै वडामा पशुपन्छीको स्वास्थ्य परिक्षण,निशुल्क औषधि वितरण तथा उपचार सेवाका कार्यक्रम संचालन गरिने छ।
- पशुपन्छीको विभिन्न महामारीजन्य रोगहरु खोरेत,लम्पी स्किन,रेबिज,लगायत अन्य रोग बिरुद्दको खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ।

- गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा पशुपालनमा असल अभ्यास सम्बन्धि कृषक स्तर तालिम संचालन गरि कृषकलाई दक्ष बनाईने छ।
- कृषकहरुको पशुधनको सुरक्षाको लागि पशुपन्छी विमा कार्यक्रमलाई व्यवस्थित गरिनेछ।
- बाख्रा स्रोत केन्द्रको प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।
- गाई भैसि सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- भेडा, बाख्रा, चौरी लगायतका पशु प्रवर्द्धनको लागी  शैलुङ क्षेत्र लगायतका परम्परागत खर्कहरुको सुधार कार्यक्रम संचालन गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

- मेलमिलाप केन्द्रहरुलाई थप व्यवस्थित वनाइ सामाजिक सदभाव र मेलमिलाप द्वारा समुन्नत समाज निर्माण गर्न वडा स्तरका मेलमिलापकर्ताको क्षमता विकास गरी न्यायिक निरुपण र मेलमिलाप कार्यलाई पहुँचयोग्य, छिटो र प्रभावकारी बनाइनेछ।
- मेलमिलाप कर्ताहरुलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- बहुसरोकारबाला विवाद समाधानका लागि आवश्यक व्यवस्था गरिनेछ।
- विवाद समाधानका लागि  फिल्ड अनुगमन(प्राविधिक/परामर्श सेवा) लागी आवश्यक व्यवस्था गरिनेछ।
- समाजलाई सभ्य , मर्यादित  र समुन्नत बनाउन समुदायमा आधारित कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**सभाका सदस्यज्यूहरू,**

- अपाङ्गता भएका व्यक्ति र निजको परिवारको लागि समुदायमा आधारित पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- किशोरीहरुको लागि आत्मरक्षा कार्यक्रम निरन्तरता दिईनेछ।
- समाजमा भएका हिंसाजन्य घटनाहरूलाई न्युनिकरण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

- अन्तराष्ट्रिय श्रमिक, महिला दिवस, अन्तराष्ट्रिय अपाङ्ग दिवस, जेष्ठ नागरिक दिवस, बाल दिवस लगायतका दिवसिय (महिला हिंसा सम्बन्धी १६ दिने अभियान तथा तिज विशेष कार्यक्रम समेत ) कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- परम्पगत सिप आधुनिकीकरण (आरन तथा काष्ठकला) कार्यक्रम निरन्तरता दिईनेछ।
- सहकारी संस्थालाई व्यवस्थित गर्न संस्थाका व्यवस्थापक तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।
- राज्यको हरेक अंगमा(महिला, दलित, आदिवासि जनजाती, अपाङ्गता भएका व्यक्ति, बालबालिका,एकल महिला ) अर्थपूर्ण सहभागिताको सुनिस्चितता गर्नको लागि कार्यक्रम नीति ल्याइनेछ।

- लैंगिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट परीक्षण(GESI Audit) को लागी अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिक तथा विकलांग नागरिकहरुको लागि सरल जीवन व्यतित गर्न आवश्यक विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।
- पालिका स्तरीय काउन्सिलर मेनपावर उत्पादन कार्यक्रमलाई प्राथमिकिकरण गर्दै लगिने छ ।
- बहुविवाह, अनमेल विवाह,बाल बिबाह, जस्ता रुढीवादी परम्पराको अन्त्य गर्न सांस्कृतिक सुधार कार्यक्रमलाई समुदाय स्तरबाटै सुरुवात गरिनेछ ।
- बालमैत्री स्थानिय शासन घोषणा कार्यक्रमको सुरुवात गरिनेछ ।
- महिलाको क्षमता विकास गरी आत्मनिर्भर कार्यक्रम संचालन गरिनेछ ।
- महिला, बालबालिका, ज्येष्ट नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक लगायत सिमान्तकृत समुदायका व्यक्तिहरू जोखिममा रहेका र उद्दार गर्नु पर्ने अवस्थामा भएमा आवश्यक सहयोग गरिनेछ ।
- हिंसा पिडित तथा जोखिममा परेको बालबालिका किशोरी महिला ज्येष्ठनागरिक लगायात अन्य व्यक्तिहरुलाई कुनै संघसंस्था आश्रम, बालगृह लगायात अन्य ठाउँमा राख्न पर्ने भएका त्यसको हेरबिचारको लागि गाउँपालिकाले आर्थिक सहयोग गरिनेछ ।
- महिला तथा बालबालिका कुनैपनी किसिमको हिंसाजन्य घटनामा परी जोखिमपूर्ण अवस्थामा रहेको खण्डमा उनिहरूलाई सुरक्षित रुपमा पहल गरिनेछ साथै न्यायहो लागी आवश्यक आर्थिक भौतिक व्यवस्था मिलाईनेछ ।

**सभाका सदस्यज्यूहरू,**

- युवा उद्यमशीलता तथा रोजगार सिर्जना कार्यक्रम संन्चालन गरी युवालाई सीप विकास तालिम, पुनःतार्जगी,उद्यमशील, प्रविधि हस्तान्तरण, बजरीकरणमा सहयोग तथा परामर्श सेवा उपलब्ध गराईने छ ।
- उद्यमशीलता कार्यक्रमलाई प्राथमिकता दिई व्यवसायीक सीपको सीप परिक्षणको लागि व्यबस्था गराईनेछ ।
- शैलुङ गाउँपालिका भित्र सिप विकास गरेका व्यक्तिहरुको अभिलेख तयार गरिनेछ ।

**सभाका सदस्यज्यूहरू,**

- शिक्षा क्षेत्रको योजनावद्ध विकासका लागि शैलुङ गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण गरि लागु गरिनेछ ।
- विद्यार्थी सिकाई उपलब्धीलाई बढाउन सिकाई उपलब्धीका आधारमा विद्यार्थी पुरस्कृत कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- सामुदायिक विद्यालयबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा सुधारको लागी विद्यालयको प्रतिष्पर्धात्मक क्षमता अभिभृद्धि गराई विद्यार्थी भर्नादरलाई बढाइनेछ ।
- शिक्षालाई रोजगारी र उद्यमशिलतासँग जोड्न प्राविधिक तथा व्यवसायिक शैक्षिक संस्थाको व्यबस्थापनलाई सुदृढ बनाउन अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सूचना तथा संचार प्रविधिको प्रयोग र सिकाईलाई प्रोत्साहित गर्न संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा विद्यालयहरुलाई आधुनिक प्रविधी मैत्री बनाई शिक्षकहरुलाई प्रविधिमा आधारित क्षमता अभिबृद्धी तालिमको व्यवस्था गरिनेछ।
- अङ्ग्रेजी , गणित तथा विज्ञान विषयको सिकाई उपलब्धि बढाउन सो विषयका शिक्षकहरुका लागि पाठ्यक्रम र सिकाई विधिसंग सम्बन्धित तालिमको व्यवस्था गरिनेछ।
- शिक्षक तथा प्रधानाध्यापकहरुको उत्प्रेरणाको लागि उत्कृष्ट विद्यालय भ्रमण तथा अवलोकन र अनुभव साटासाटको कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- शैलुङ गाउँपालिकाका विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गरी आगामी वर्षभित्र आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ।
- अनिवार्य तथा निशुल्क शिक्षालाई कार्यान्वयन गर्न विद्यालयस्तरको सबै प्रकारका परीक्षाहरु गाउँपालिका मार्फत निशुल्क सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालय सञ्चालन हुने दिनलाई बढाई सिकाई उपलब्धी बढाउन नीतिगत व्यवस्था गरिनेछ।
- विद्यालयहरुको नियमित अनुगमन र नियमनलाई थप प्रभावकारी बनाई "सूचना प्रविधियुक्त बिद्यालय; सिर्जनशील र प्रतिभाशाली विद्यार्थी " भन्ने मान्यतालाई स्थापित गरिनेछ।
- विद्यालयका शिक्षकहरुलाई तालिमको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ। शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन र अभिभावकहरुको समन्वयमा नमूना विद्यालयको रुपमा विकास गर्न प्रोत्साहन गरिनेछ।
- हाम्रा बालबालिका विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी विद्यालयमा विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्न प्रोत्साहन गरिनेछ।
- शैलुङ गाउँपालिका भित्र प्राविधिक शिक्षा कार्यक्रम सञ्चालित सामुदायिक विद्यालयलाई निःशर्त अनुदानको व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयको प्रशासनिक व्यवस्थापनका लागि तहगत तथा विद्यार्थी संख्याका आधारमा निःशर्त अनुदानको व्यवस्था गरिनेछ।
- विद्यालयमा स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण गरी लागू गरिनेछ।
- प्रसुति विदामा रहने महिला शिक्षकको विदा अवधि भरका लागि सट्टा शिक्षकको व्यवस्था गरिनेछ।
- शिक्षक तथा कर्मचारीलाई प्रोत्साहन गर्नका लागि आवश्यक कार्यक्रम तय गरिनेछ।

- प्रधानाध्यापकहरुलाई कार्यपरक वनाउन कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- अङ्ग्रेजी, गणित तथा विज्ञान विषयको सिकाई उपलब्धीलाई बढाउन कक्षा १० मा सञ्चालन हुदै आएको ३ महिनाको अतिरिक्त कक्षालाई निरन्तरता दिदै कक्षा ८ का लागि समेत सो कार्यक्रम विस्तार गरिनेछ ।
- दरबन्दी कम भएका तथा मर्ज भई उच्च व्यवस्थापनमा सञ्चालन भएका विद्यालयहरुलाई अनुदान सहयोग उपलब्ध गराइनेछ ।
- विद्यालय क्षेत्र भित्र खेल मैदानको निर्माण गरी विद्यार्थीहरुको सर्वाङ्गीणी विकासमा जोड दिइनेछ ।
- दिवा खाजा कार्यक्रममा गाउँपालिकाले थप अनुदान रकमलाई निरन्तरता दिइनेछ ।
- विद्यालय तथा विद्यार्थी स्तर निर्धारण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालय बाल परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- नमूना विद्यालय(दुर्गा माध्यमिक विद्यालय) लाई थप व्यवस्थित गरी अन्य विद्यालयको लागि सिकाइ केन्द्रको रुपमा विकास गर्दै सो विद्यालयलाई शैक्षिक पर्यटन केन्द्रको रुपमा विकास गरिनेछ ।
- विद्यार्थी अनुशासनको विकासका लागि विद्यालय स्तरमा स्काउट व्यवस्थापन कार्यक्रम विस्तार गर्दै लगिनेछ ।
- खेलकुद क्षेत्रको प्रवर्द्धनको लागि अन्तरगाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।
- युवाको दक्षता, उद्यमशिलता, अन्वेषणात्मक क्षमताको विकास गरी विकासमा युवा सहभागिता बढाइनेछ ।
- खेलकुदको विकासका लागि भौतिक पूर्वाधार निर्माण र स्थानीय स्तरमा खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ ।
- गाउँपालिकाको सामुदायिक विद्यालयबाट माद्यमिक शिक्षा, उच्च शिक्षामा नेपाल सरकारको छात्रवृतिमा छनौट भएका विद्यार्थीहरुलाई गाउँपालिकाको तर्फबाट प्रोत्साहन गरिनेछ ।

**सभाका सदस्यज्यूहरू,**

- सम्पूर्ण  विद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।
- सुत्केरीहरुलाई पोषण भत्ता तथा पोषण सामग्री प्रदान  कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गर्भवती महिलाहरुलाई अन्डा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कुपोषित बालबालिकाहरूको पोषण स्तर अभिबृद्धि गर्न पोषण मैत्री कार्यक्रम संचालनमा जोड दिईनेछ ।
- ६० बर्ष पुगेका स्वयंसेविकाहरुलाई सम्मान जनक विदाई कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य संस्थाहरु संचालन तथा व्यवस्थापनमा दिईदै आएको अनुदान लाई निरन्तरता दिईनेछ ।

- फस्कु स्वास्थ्य चौकीलाई नमूना स्वास्थ्य चौकीको रुपमा विकास गरिने छ।
- स्वास्थ्य कर्मीहरुका लागि विभिन्न स्वास्थ्य सम्बन्धी तालिम संचालन गरिनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई दिदै आएको चाडपर्व खर्च लाई निरन्तरता दिईनेछ ।
- गर्भवती महिलाहरुको लागि क्याल्सियम खरिद गरि वितरण गर्दै आएको कार्यक्रमलाई निरन्तता दिईनेछ ।
- निशुल्क रक्तसंचार कार्यक्रम लाई निरन्तरता दिईनेछ ।
- शैलुङ अस्पताललाई २४ घण्टै खुला हुने गरी थप व्यवस्थापन गर्दै नयाँ भवन बाट प्रभावकारी सेवा प्रदान गरिनेछ।
- घरैमा गई जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य सिविर संचालन कार्यक्रमलाई निरन्तरता दिनेछ।
- पहिलो पटक महिनावारी हुने किशोरीहरुलाई विद्यालयमा पहिलो महिनावारी उत्सव मनाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गर्भवती, सुत्केरी ,नवजात शिशु, ८० बर्ष वा सो भन्दा माथिका जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति हेमोफिलिया र सिघ्र कुपोषण भएका व्यक्ति र अति विपन्न भएका व्यक्ति ,कडा खालको मानशिक रोगीहरुलाई प्रेषण गर्नु पर्ने भएमा नि शुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड कार्यक्रमलाई निरन्तरता गरिनेछ।
- फिल्डमा जाने कर्मचारी, स्वयं सेविकाहरुलाई सहायता सामग्रि उपलब्ध गराईनेछ।
- DUTY HOUR भन्दा बढी समय र सार्वजनिक बिदामा खटिने अस्पताल र बर्थिङ सेन्टरमा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राख्न प्रोत्साहन मूलक कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य संस्थाहरुमा स्वीकृत कुल दरबन्दिको संख्या एकिन गरी कर्मचारी व्यवस्थापन गरिनेछ।
- विद्यालय स्तरीय योग तथा जडीबुटी परिचयात्मक र प्रयोग सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।
- नागरिक आरोग्य केन्द्रलाई थप व्यवस्थित गरिनेछ।
- सबै वडाका स्वास्थ्य संस्थाहरुमा कम्तिमा महिनाको १ पटक डाक्टरको सेवा उपलब्ध गराईनेछ।
- सम्पूर्ण Birthing सेन्टरमा SBA onsite coaching र MNH अभिमुखीकरण तथा समिक्षा संचालन गर्ने नीति लिईनेछ।
- ग्रामिण ultrasound कार्यक्रमको लाई निरन्तरता दिईनेछ।

- किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिई स्थानीय तहलाई पोषण मैत्री घोषणा गर्ने नीति लिईने छ ।
- पूर्ण खोप पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- शैलुङ अस्पताललाई प्रथम सेवा विन्दु अस्पतालको रुपमा विकास गरी स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी गरिनेछ ।
- महामारीजन्य रोग तथा आपत बिपतका लागि द्रुत प्रतिकार्य टोलीलाइ परिचालन गरि समयमै महामरिजन्य रोगहरुको उचित निदान तथा व्यस्थापन गरिनेछ ।
- नर्सर्ने रोग, मानसिक स्वास्थ्य सम्बन्धि आत्महत्या तथा अन्य रोगहरुको न्यूनिकरण गर्नको लागि नीति लिईने छ ।
- POST MORTEM तथा medico legal सेवा विस्तारको लागि आवश्यक प्रक्रिया अगाडी सेवा सुचारु गरिनेछ ।
- दुर्घटना बाट बच्न र दुर्घटना न्यूनिकरण गर्नका लागि जनशक्ति तथा संस्थाको क्षमता अभिवृद्धि गर्ने नीति लिईने छ ।
- मनगाउँ गाउँघर क्लिनिक, पिपल डाँडा गाउँघर क्लिनिक र गैरी गाउँघर क्लिनिकलाई सामुदायिक स्वास्थ्य ईकाईको रुपमा स्तरोन्नती गरी संचालनमा ल्याईनेछ ।
- तिलगंगा आखा अस्पतालको समन्वयमा शैलुङ अस्पतालमा शैलुङ ग्रामिण आखा केन्द्र संचालन गरिनेछ ।

**सभाका सदस्यज्यूहरू,**

- सेवा प्रवाह गर्ने गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा आवश्यक स्रोत /साधनको व्यवस्था गरी नविनतम प्रविधिको उपयोग गर्दै सेवा प्रवाह गरी प्रवाह हुने सेवाहरुलाई थप सहज, सरल, पारदर्शी र सेवामुखी बनाउँदै लैजाने नीति लिइनेछ ।
- गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा काम गर्ने जनशक्तिलाई समयानुकूल सक्षम बनाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- शैलुङ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता मुल्याँकन गरी क्रमशः सुधार गर्दै लगिनेछ ।
- कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको प्रचलित ऐन, कानूनबमोजिम क्रमश: व्यवस्थापन गरिनेछ ।
- अतिरिक्त समयमा काम गर्ने कर्मचारीहरुको योग्यता, क्षमता र कार्यसम्पादनको आधारमा प्रोत्साहन गरिनेछ ।
- कर्मचारीहरुलाई कार्यस्थलमा उच्च मनोबलका साथ कार्यसम्पादन गर्ने वातावरण सृजना गरिनेछ ।

- आर्थिक पारदर्शिता र वित्तीय अनुशासनलाई कडाइका साथ पालना गरि भष्ट्राचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ ।
- नेपाल सरकार र स्थानीय तहका नाममा रहेका सम्पूर्ण जग्गा जमिन, भवन, सवारी साधन लगायतका भौतिक सम्पत्तिको एकीकृत विवरणलाई अभिलेखीकरण गरिनेछ ।
- गाउँपालिका प्रमुखसँग प्रमुख प्रशासकीय अधिकृतले, प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखले कार्यसम्पादन सम्झौता गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सार्वजनिक जवाफदेहिता अभिवृद्धि सम्बन्धी औजारहरुको अभ्यासलाई प्राथमिकता दिइनेछ ।
- आवाधिक योजना तथा बजेट बीच तालमेल कायम गराउन मध्यकालीन खर्च संरचना (MTEF) र राजश्व सुधार योजना  निर्माण गरी लागु गरिनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासको लागि कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ ।
- कार्यालयबाट प्रवाह हुने सेवालाई प्रविधि मैत्री तथा डिजिटाइज गर्दै लगिनेछ ।
- शैलुङ हस्पिटलबाट प्रवाह हुने सेवालाई सफ्टवेयर प्रणालीमा आवद्ध गरी संचालन गरिनेछ ।
- पूर्वाधार विकास शाखा र योजना तथा अनुगमन शाखाबाट हुने कामलाई छिटो छरितो र विश्वासनिय बनाउन सफ्टवेयरको प्रयोगमा जोड दिइनेछ ।
- सार्वजनिक खरिद प्रक्रियालाई थप व्यवस्थि गर्न बार्षिक खरिद योजना निर्माण गरी विश्वसनीय तथा पारदर्शी बनाउन निरन्तरता दिईनेछ ।
- राजश्व सुधारको लागि कर प्रवर्द्धन कार्यक्रम संचालन गरी घुम्ती सेवा मार्फत सेवा प्रबाह गरिनेछ ।
- योजना सम्झौताको लागि योजना बद्ध तरिकाले घुम्ती शिविर संचालन कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयका तथ्यांकलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- बच्चा काखमा, पोषण सामग्री हातमा, जन्म दर्ता साथमा कार्यक्रमलाई निरन्तरत दिईनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको दोहोरो भुक्तानी नहोस भनि एकिन गर्न Biometric Verification र राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गर्दै आवश्यक उपकरणको व्यवस्था गरिनेछ ।
- बजार अनुगमन कार्यलाई प्रभावकारी बनाई उपभोक्ता हकहित संरक्षण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका तथा अन्तर्गतका सेवा केन्द्रहरुमा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।
- गाउँपालिकाबाट स्वीकृत भएका योजनाहरुको समयमा नै सफलता पूर्वक कार्यान्वयन गर्न सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरुका लागि योजना कार्यान्वयनको प्राविधिक पक्ष कागजात व्यवस्थापन तथा कानुनी व्यवस्थाका बारेमा अभिमुखिकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ । यस वर्ष देखि उपभोक्ता

समितिलाई प्राविधिक पक्षका बारेमा विशेष अभिमुखिकरण गरिने नीति अनुसार अभिमुखिकरण कार्यक्रमको समयावधि समेत थप गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

- पूर्वाधार निर्माण एवं खानेपानी तथा सरसफाईका क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा गाउँ पालिका भित्र खानेपानी सरसफाई लागयतका अन्य आयोजनाहरु कार्यान्वयन गरिनेछ ।
- आयोजना प्रभावकारी कार्यान्वयनको पक्षलाई ध्यान दिंदै उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई उपयुक्त मापदण्ड तयार गरी सम्मान तथा प्रोत्साहन गर्ने परिपाटीको थालनी गरिनेछ ।
- गाउँपालिकाको कृषि योग्य जमिनमा सिचाईको लागि स्रोतको खोजि गर्दै साना सिचाई,कुलो,पाइप लाइन,प्लास्टिक पोखरी बाट हुन सक्ने स्थानमा प्राथमिकता दिई क्रमिक रुपमा सिचाई सुविधा पुर्याइनेछ ।
- पुराना भएका सिचाई आयोजनाहरुको मर्मत सम्भार तथा थप नयाँ सम्भावित सिंचाई आयोजनाहरु निर्माण गरि थप खेतीयोग्य जमिनमा सिचाई सुविधा पुरयाई कृषि उत्पादनमा बृदी गर्दै जाने नीति अवलम्वन गरिनेछ ।
- खानेपानी सरसफाई अन्तर्गत आमजनताको पहुँचमा स्वच्छ खानेपानी पुर्याउन खानेपानी योजनाहरुलाई प्राथमिकता दिइनेछ ,संचालन हुन नसकेको र निर्माण कार्य अधुरो रहेका खानेपानी आयोजनाहरुको निर्माण कार्य सम्पन्न गरि संचालनमा ल्याइने प्रवन्ध मिलाइनेछ ।
- गाउँपालिकामा रहेको खानेपानीको मुहान संरक्षण तथा सुरक्षित खानेपानीको लागि जनसचेतना मुलक कार्यक्रम संचालन गरिनेछ साथै मुहान दर्ता भएका मुहानहरुको अभिलखिकरण कार्यलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाको सबै वडाहरुमा एक घर एक धाराको नीतिलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक घरमा स्वच्छ र सफा पिउने पानि उपलव्ध गराउन गुणस्तर परिक्षण कार्यलाई उच्च प्राथमिकता साथ अगाडी बढाइनेछ ।
- आवश्यकताको आधारमा थप मुहान र स्रोतको पहिचान गेरर खानेपानीको आयोजनाहरु संचालन गरिनेछ ।सम्पन्न भएका खानेपानी आयोजनाहरुको दिगो व्यवस्थापन तथा संचालनको लागि खानेपानी उपभोक्ता समितिहरुलाई खानेपानी संचालन सम्वन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानी आयोजनाको मर्मत सम्भार तथा रेखदेख गर्ने मर्मत जनशक्तिलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- खानेपानीको पाइप आवश्यक भएको व्यक्ति तथा टोल बस्तीलाई पाइप वितरण गर्दा पहिला पाइपलाइन खानी आवश्यक प्राविधिक निरीक्षण पश्चात मात्र आवश्यकताको आधारमा वितरण गरिरहेको कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

**सभाका सदस्यज्यूहरू,**

- गाउँपालिकामा हालसम्म निर्माण भएका गाउँपालिका तथा वडास्तरका मुख्य तथा शाखा सडकहरुको स्तरोन्नति कार्यलाई क्रमश बढाइदै लगिनेछ ।
- गाउँपालिकामा निर्माण हुने तथा भएका सडकहरुमा स्तरोन्नति कार्य गर्दा अनिवार्य रुपमा नाली निर्माण तथा व्यवस्थापन गर्नु पर्ने नीतिलाई कडाईका साथ कार्यन्वयनमा ल्याइनेछ ।

- मुख्य तथा ग्रामिण सडकहरुको स्तर निर्धारण तथा मापदण्ड अनुसार तयार गरि सबै सडकहरुको लागत कट्टा गर्ने पहल गरिनेछ ।
- गाउँपालिका केन्द्र तथा वडा कार्यालय सम्म जोड्ने सडकलाई प्राथमिकता साथ आवश्यक स्तरोन्नति गर्दै लगिनेछ ।
- गाउँ पालिका भित्रका स्तरोन्नति गर्न बाँकि रहेको सडक हरुलाई आवश्यक मापदण्ड अनुसारको स्तारोंनातिको कार्यलाई निरन्तरता दिइनेछ ।
- आवश्यक खोलाहरुमा झोलुंगे पुल तथा ट्रस पुलहरुमा हेरालुको प्रवन्ध गरि नियमित मर्मत सम्भारको व्यवस्था गरिनेछ ।
- कृषि उत्पादनलाई बजारीकरण गर्न सहयोग पुर्याउने कृषि सडकहरु व्यवस्थित गरिनेछ ।
- अति आवश्यकता र औचित्यता पुस्टि हुने अवस्था बाहेक सडक नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- पूर्वाधार विकासमा साझेदारी गर्ने नीति लिईनेछ ।
- आ.व ०८२/०८३ मा संचालन हुने निर्माण सम्वन्धि १० लाख भन्दा माथिको सम्पूर्ण योजनाहरु ठेक्का प्रक्रिया मार्फत सम्पन्न गरिनेछ ।

**सभाका सदस्यज्यूहरू,**

- गाउँपालिका क्षेत्र भित्र नयाँ भवन निर्माण गर्दा नक्सापास गरि भवन निर्माण सम्वन्धि मापदण्डलाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिनेछ ।
- भवन निर्माणलाई व्यवस्थित गर्न शैलुङ गाउँपालिकाको भवन नक्सापास तथा अभिलेखीकरण कार्यविधि लागु कडाई को साथ लागु गरिनेछ साथै व्यवस्थित वस्ती विकासलाई प्राथमिकता दिइनेछ ।
- शैलुङ गाउँपालिका क्षेत्र भित्र रहेको सार्वजानिक जग्गाको अभिलेखीकरण तयार गरिनेछ ।
- मुख्य बजार क्षेत्रहरुमा हरित सडकको अवधारणा अनुसार सडक किनाराहरुमा स्थानीय बजार व्यवस्थापन समिति संग समन्वय गरि आकर्षक बोट बिरुवाहरुको वृक्षारोपण गर्ने कार्य अगाडी बढाइनेछ ।
- गाउँपालिका भित्र रहेका ग्रामिण क्षेत्रलाई क्रमिक रुपमा विकासका पूर्वाधारहरु निर्माण गरि वस्ती विकास गरिनेछ ।

**सभाका सदस्यज्यूहरू,**

- सुरक्षित विद्युतिय प्रसारण लाइन विस्तारलाई जोड दिइनेछ ।
- काठको पोललाई विस्थापित गरि फलामे पोल प्रयोगलाई बढवा दिन सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।
- विद्युत उपभोग तथा जोखिम न्यूनिकरणको लागी जनसचेतना कार्यक्रमको ब्यवस्था गरिनेछ ।

- गाउँपालिकाका तथ्यांकलाई एकीकृत गरी डिजिटल गाउँपालिका प्रोफाइल तयार गरिनेछ । साथै GPS सहितको घर नम्बर राख्ने कार्य अगाडी बढाइनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय परिसर र गाउँ क्षेत्रभित्रका मुख्य पर्यटकीय क्षेत्रलाई क्रमश: Free WIFI Zone बनाउँदै लगिनेछ ।
- गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाहलाई क्रमश: सूचना प्रविधि मार्फत गर्ने व्यवस्था मिलाई सूचना प्रविधिलाई सेवाग्राहीको पहुँचमा पुर्याइनेछ ।
- कम्प्युटर सर्भरको ब्यवस्थापन गरि गाउँपालिकाको तथ्याङ्कहरुको अभिलेख ब्यवस्थापन गरिनेछ ।
- पर्यटन प्रवर्द्धनको लागी डिजिटल सूचना केन्द्र स्थापनाको थालनी गरिनेछ ।
- साइवर सुरक्षा र प्रविधिको प्रयोग सम्बन्धि अभिमुखिकरण कार्याक्रम सञ्चालन गरिनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुलाई ICT सम्बन्धी अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकालाई सूचना प्रविधि मैत्री बनाउन र अभिलेख सुरक्षित गर्नको लागि गाउँपालिकाबाट सम्पादन हुने हरेक कार्यहरु सफ्टवेयरको माध्यमबाट गर्न जोड दिईनेछ ।

**सभाका सदस्यज्यूहरू,**

- विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ ।
- प्रकोपहरुको रोकथाम तथा न्यूनिकरणका लागि पूर्व तयारी, प्रतिकार्य र पुर्नलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- ठूला पूर्वाधार आयोजनाहरु संचालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरि डिजाइन तथा इस्टिमेट गर्ने व्यवस्था गरिनेछ ।
- सम्पूर्ण वडा तथा भूभागलाई समेट्नेगरी एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
- मनसुनजन्य विपदबाट पिडित जनसमुदायलाई तत्काल राहत उपलब्ध गराइनेछ साथै विस्थापित जनसमुदायलाई सुरक्षित स्थानमा उचित व्यवस्थापन गरिनेछ ।
- कृषि तथा पशुपन्छीमा महामारीको रुपमा लाग्ने रोगको पहिचान गरी तत्काल रोगथामका उपायहरु अवलम्बन गरिनेछ ।

**सभाका सदस्यज्यूहरू,**

- गाँउपालिकाभित्र रहेका विभिन्न प्राकृतिक श्रोतको पहिचान गरी यसको संरक्षण, सम्बर्द्धन र सदुपयोगको लागि सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गरिनेछ ।

- शैलुङ गाँउपालिकालाई “प्लाष्टिक मुक्त शैलुङ गाँउपालिका” निर्माणको लागि बहस तथा छलफल गरी थालनी गरिनेछ ।
- वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरु सम्बन्धमा जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- जलवायु परिवर्तन संग अनुकूलित हुने गरी विकास कार्यक्रमहरु संचालन गरिनेछ ।
- शहरीकरणको विस्तार सँगै बढ्दो फोहरमैलाको चुनौतिलाई सामना गर्न फोहरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि जग्गाको खोजी गरिनेछ ।
- स्थानीय खोला नाला तथा नदी तथा खोल्साहरुबाट हुने कटान नियन्त्रण गर्न तटबन्ध निर्माणका लागि तालुक निकायमा पहल गरिनेछ । साथै खोला किनारा सफाईको अभियान थालानी गरिनेछ ।
- पहिरो नियन्त्रणको लागि आवश्यकताअनुसार गाँउपालिकाले बजेट व्यबस्थापन गरी कार्य गर्नेछ । साथै सडक तथा पूर्वाधारको निर्माण गर्दा सम्भाव्य पहिरो जोखिमको अवस्था मुल्याङ्कन गरेर मात्र योजना सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा रहेका बनहरूमा पाईने जडिबुटि, काठ, दाउरा, घाँस,हरूको अभिलेख सहितको गाउँपालिका वन प्रोफाईल तयार गरिनेछ ।
- मुडे देखि कालापानी सम्मको सडकहरूमा पर्यटकहरुलाई आकर्षण गर्न सडकको आसपासमा मौसम अनुसार फुल्ने फूलका विरुवाहरुको वृक्षारोपण कार्यको थालनी गरिनेछ ।
- गाउँपालिकाको कार्यालयमा रहेको बगैचालाई थप व्यवस्थित र रमणिय बनाई गाउँपालिकामा आउने सेवाग्राहीलाई मोहित गर्ने वातावरण मिलाईनेछ ।

**सभाका सदस्यज्यूहरू,**

१. सार्वजनिक सम्पत्ति व्यवस्थापनः

- गाउँपालिकाको स्वामित्वमा रहेका जग्गा जमीन, भवन, सवारी साधन, फर्निचर, मेसिन औजार लगायतका सबै भौतिक सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अभिलेखीकरण गरी व्यवस्थित गरिनेछ । साथै गाउँपालिका मातहत रहेका सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थाको स्वामित्व वा उपयोगमा रहेका भवन तथा जग्गालाई समेत नक्शांकन गरी यस प्रणालीमा आवद्ध गर्दै लगिनेछ ।
- गाउँपालिकाले निर्माण गरेका सडक, पुल, बसपार्क, पार्क, उद्यान, चौतारो, ढल निकास, खानेपानी तथा सिंचाई संरचना, झोलुङ्गे पुल, सार्वजनिक भवन लगायतका सार्वजनिक सम्पत्तिहरुको पनि पहिचान तथा नक्शांकन गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेखीकरण गर्ने कार्यको थालनी गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, सार्वजनिक तथा सामुदायिक भवन, खुलाक्षेत्र, धार्मीक तथा सांस्कृतिक स्थल, पोखरी, ढुंगेधारा, खोला तथा पानीका मुहान, कुवा, धारा, कुलो

तथा नहर, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, ढल, नाला र सडकका दायाँ बायाँका रुख तथा नदी वा सार्वजनिक स्थानमा रहेको स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तु एवम् सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर र सार्वजनिक, ऐलानी, पर्ती जग्गा एवम् राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकार भित्रको अन्य वन क्षेत्रको नक्शांकन गरी संरक्षण र उपयोगमा जोड दिने नीति लिइनेछ।

- गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतबाट आर्जन गर्न सकिने राजस्व संभावनाको समेत अध्ययन गरी उपयोगमा ल्याउने र यी सम्पत्तिहरुलाई पनि क्रमशः सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आवद्ध गर्दै लगिनेछ ।

२. सार्वजनिक लगानी व्यवस्थापनः

- प्रर्याप्त पूर्वतयारी भएका र आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य आयोजना वा कार्यक्रम मात्र छनौट भएका छन् भन्ने वस्तुगत आधार विना नै रकम विनियोजन गर्ने पद्धतिले विनियोजित रकम खर्च भएर पनि प्रतिफल प्राप्र हुन नसक्ने, अधुरा वा बीचमा छोड्नुपर्ने आयोजनाको सङ्ख्या बढ्दै जाने र यसबाट सार्वजनिक स्रोतको जवाफदेही उपयोगमा प्रश्न चिन्ह खडा हुने समस्या आम रुपमा अनुभूत गरिको छ। यस समस्याको निराकरणका लागि गाउँपालिकाबाट गरिने सार्वजनिक लगानीलाई वित्तीय अनुशासन, विनियोजन कुशलता र खर्चमा दक्षता अभिबृद्धि गरी नतिजामुखी बनाउन विद्यमान योजना प्रणाली सुधारमा विशेष जोड दिइनेछ।
- नतिजामुखी सार्वजनिक लगानीको सुनिश्चितताका लागि आर्थिक, सामाजिक, प्राविधिक र वातावरणीय दृष्टिले कार्यान्वयनयोग्य आयोजना पहिचान, छनौट र प्राथमिकीकरण गर्ने आयोजना बैंक पद्धतिको कार्यान्वयन मार्फत आयोजना छनौट प्रणालीलाई नियमवद्ध र तथ्यमा आधारित बनाई पूँजिगत लगानीमा विनियोजन दक्षता अभिवृद्धि गर्न र प्रतिफल सुनिश्चित गर्न जोड दिइनेछ।
- लैंगिक तथा जलवायु मैत्री मध्यमकालीन खर्च संरचना मार्फत आवधिक योजना वा रणनीतिक वा गुरुयोजनालाई वार्षिक बजेटसँग आवद्ध गरी उपलब्ध स्रोत साधनलाई योजनाले निर्धारण गरेका प्राथमिकता अनुरुप परिचालन गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ।
- गाउँपालिकाको उपलब्ध स्रोतलाई महिला, बालबालिका, ज्येष्ट नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक लगायत सिमान्तकृत समुदायको आर्थिक एवम् सामाजिक सशक्तीकरणमा केन्द्रित गर्नका लागि बजेटको कम्तिमा १० प्रतिशत रकम त्यस्ता समुदायलाई प्रत्यक्ष लाभ हुने कार्यक्रमको निमित्त विनियोजन गर्ने निति अवलम्बन गरिनेछ।

३. सम्पत्ति कर प्रणालीमा सुधारः

- यस गाउँपालिकाले जग्गाको मूल्यांकन प्रणाली वस्तुनिष्ट, यथार्थपरक एवम् वास्तविक तथ्यमा आधारित बनाउन नसकेको कारण हालसम्म भवन संरचनाहरुमा मात्र सम्पत्ति कर लगाउँदै आएको छ। जग्गाको वैज्ञानिक र वस्तुपरक मूल्यांकन प्रणाली नहुँदा रजिष्ट्रेशन, बैकिङ कारोबार, धितो जमानत तथा किनबेचको लागि कायम गरिने मूल्य र वास्तविक बजार मूल्यबीच ठूलो अन्तर रहने गरको छ। त्यसबाहेक गाउँपालिकाले संकलन गर्दै आएको भूमिकर (मालपोत) न्यून रहेको र पूर्ण रुपमा न्यायोचित समेत बनाउन नसकिएको हुँदा जग्गा मूल्यांकन विधिलाई बस्तुपरक

रुपमा परिमार्जन गरी सम्पत्ति कर तथा भूमिकर (मालपोत) लाई वैज्ञानिक र प्रभावकारी रुपमा कार्यान्वयन गर्न जोड दिइनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु**

यस गरिमामय गाउँसभामा प्रस्तुत गरिएको प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट गाउँवासीका आधारभूत आवश्यकताहरु परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधारहुँदै जाने, उपलब्ध स्रोतसाधनको अत्युत्तम उपयोगबाट आर्थिक उन्नतिमा टेवा पुग्ने र विकासको मूलप्रवाहमा सबै वर्ग क्षेत्र, समूह, समुदायहरु समाहित भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सुदृढ हुने विश्वास लिएको छु ।

उल्लेखित नीति तथा कार्यक्रम गाउँपालिकाको एक्लो प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन ।यसका लागि संघ तथा प्रदेश सरकार, राजनीतिक दल, उद्योगी, व्यवसायी, सरकारी, गैरसरकारी क्षेत्र , संघसंस्था , टोल विकास संस्था, निजी क्षेत्र, पेशाकर्मी, संचारकर्मी लगायत गाउँवासी आमा बुबा दिदी बिहिनी दाजुभाइको सक्रिय सथ र सहयोग रहने विश्वास लिएको छु ।

अन्तमा शैलुङ गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान गर्नुहुने जनप्रतिनिधि, राजनीतिक दल, सामुदायिक क्षेत्र, नागरिक समाज लगायत सम्मपूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्ताव नं.२ माथि छलफल गर्दा गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समितिका उपाध्यक्ष श्री बन्दना पाख्रिनज्यूले प्रस्तुत गर्नु भएको न्यायिक समितिको प्रतिवेदन अनुमोदन गरि स्वीकृत गर्ने ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकाका तपसिल बमोजिमका विषयगत समितिका संयोजकहरु द्वारा प्रस्तुत गरिएका प्रतिवेदनहरुलाई अनुमोदन गरी स्वीकृत गर्ने सर्वसम्मत ।

तपसिल

| सि.नं. | समितिको नाम | संयोजक |
|---|---|---|
| १ | आर्थिक विकास समिति | श्री दिपक बस्नेत |
| २ | सामाजिक विकास समिति | श्री धन बहादुर तामाङ |
| ३ | पूर्वाधार विकास समिति | श्री दिल कुमार तामाङ |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन समिति | श्री वीर बहादुर तामाङ |
| ५ | विधेयक समिति | श्री तिर्थ बहादुर श्रेष्ठ |
| ६ | सुशासन तथा क्षमता विकास समिति | श्री झम्क बहादुर कार्की |

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँ कार्यपालिकाबाट पन्ध्रौं गाउँसभा पश्चात सम्पादन भएका काम कारबाही तथा गाउँ कार्यपालिकाका निर्णयहरुलाई अनुमोदन गरी स्वीकृत गर्ने सर्वसम्मत ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा लेखा समितिका संयोजक तथा गाउँकार्यपालिका सदस्य श्री विशाल खातीज्यूले प्रस्तुत गर्नु भएको लेखा समितिको प्रतिवेदन अनुमोदन गरी स्वीकृत गर्ने ।

प्रस्ताव नं. ६(क) माथि छलफल गर्दा गाउँपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत कर्मचारीहरुको करार अवधि थप्ने अधिकार गाउँ कार्यपालिकालाई दिने ।

प्रस्ताव नं. ६ (ख) माथि छलफल गर्दा शैलुङ गाउँपालिकाभित्र कार्यक्षेत्र बनाई योजना तथा कार्यक्रम गर्ने तपसिल बमोजिमका संघ संस्था सँग सहकार्य गरी आ. व. २०८२/०८३ मा काम गर्ने ।

| सि.नं. | संघ संस्थाको नाम | कार्यक्षेत्र | स्वीकृत कार्यक्रम र रकम रू | कैफियत |
|---|---|---|---|---|
| १ | तिल गंगा आखा प्रतिस्ठान | शैलुङ गाउँपालिका | शैलुङ अस्पतालमा ग्रामिण आखा केन्द्रको सेवा विस्तार गर्ने | |
| २ | लिभिङ वाटर नेपाल | वडा नं ६ | लहरे चायचाप खानेपानी आयोजनामा रू १५,७,२३१।०५ गाउँपालिकाको साझेदारीमा | |
| ३ | एकिकृत हातेमालो ग्रामिण विकास संघ | शैलुङ-८, दुधनागी, मनगाउँ, झोर, चित्रे, नयाँ बस्ति | कृषि विकास तथा आय आर्जन कार्यक्रम तर्फ ६९,३२,९४७, खानेपानी योजना तर्फ १,६,७४,१३७।२५ | |